# साँफेबगर राजपत्र

साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ४ मिति २०८२ चैत ०४

## भाग २

## साँफेबगर नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०८२**

**प्रस्तावना** : साँफेबगर नगरपालिका क्षेत्रभित्र रहेका ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप , क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुची -८ को क्र.सं.१६ बमोजिमको कार्य गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम साँफेबगर नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधिको साँफेबगर राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२.परिचय - पत्र वितरणका आधार:** नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली,२०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय - पत्र वितरणका आधार हुनेछन् ।

**३.उद्देश्य:** क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग:** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण:** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ ।

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक

**६.परिचय-पत्र वितरणका मापदण्डः** ज्येष्ठ नागरिक सम्बन्धी  नियमावली २०६५ को नियम १५ बमोजिम

साठी उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने**: (क) (ज्येष्ठ नागरिक सम्बन्धी  नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा र आकार (Size) सामाजिक सुचना व्यवस्थापन प्रणाली (SIMS) मा आधारित हुनेछ।

**८. परिचय-पत्र वितरण प्रक्रियाः** (क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले अनुसूची -१ बमोजिमको निवेदन सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनुपर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-प्रत्रको प्रतिलिपि र एक प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा सामाजिक सुचना व्यवस्थापन प्रणाली (SIMS) मा आधारित हुनेछ।

(घ) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ।

(ङ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी सम्बन्धित वडा कार्यालयमा राखी चौमासिक रुपमा साँफेबगर नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन बुझाउनु पर्नेछ । उक्त लगत वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित जानकारी गराउनुपर्नेछ ।

(छ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

**९.विविध :** (क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि थप कार्यविधि र स्पष्टता आवश्यकता महसुस गरेमा नगर कार्यपालिकाले आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक अन्य द्विविधा भएमा प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट निर्णय भएपछि लागु हुनेछ । यो कार्यविधि जारी हुनुभन्दा अघि जारी भएका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी

कार्य यसै कार्यविधि निर्देशिका बमोजिम भएको मानिनेछ।

साँफेबगर नगरपालिका

# अनुसूची–१
**(दफा (८) सँग सम्बन्धित)**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
साँफेबगर नगरकार्यपालिकाको कार्यालय,
साँफेबगर, अछाम।

विषय :- ज्येष्ठ नागरिक परिचय-पत्र सम्बन्धमा।

साँफेबगर नगरपालिका........वडा .............बस्ती/टोल, स्थायी ठेगाना भएको म.....................................ज्येष्ठ नागरिक परिचय-पत्र पाउन योग्य भएकोले तपसिल बमोजिमको विवरण सहित-पत्र उपलब्ध गराई दिन हुन यो निवेदन पेश गर्दछु।

(क)<u>निवेदकको विवरण</u>

निवेदकको नाम :-.............................

स्थायी ठेगाना :- अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ..... बस्ती/टोल ............... सम्पर्क नं. ..........................नागरिकताको प्रमाणपत्र नं ............................... जारी जिल्ला ............. लिङ्ग..............बुवा/आमाको नाम :-.......................................... बाजेको नाम थर :-........................... पति/पत्निको नाम थर ........................... निवेदकको रक्त समुह ............................... ज्येष्ठ नागरिकको आर्थिक अवस्था तथा अन्य सम्पत्ति विवरण............................................

औषधी उपचारको क्रममा भए गरेको रोगको नाम र प्रयोग गरी रहेको औषधी विवरण..............................

आज्ञाले
देवसरा कुमारी थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका